# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७५) काठमाडौं, पुस ४ गते, २०८२ साल (अतिरिक्ताङ्क ३७

## भाग २

### नेपाल सरकार

### कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट जारी भएको तल लेखिए बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## संवत् २०८२ सालको अध्यादेश नं. ०३

## प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ लाई संशोधन गर्न बनेको अध्यादेश

**प्रस्तावना** : प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ लाई तत्काल संशोधन गर्न वाञ्छनीय भएको र हाल सङ्घीय संसद्को अधिवेशन नभएकोले,

नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट यो अध्यादेश जारी भएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस अध्यादेशको नाम "प्रतिनिधि सभा सदस्य निर्वाचन (पहिलो संशोधन) अध्यादेश , २०८२" रहेको छ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ।

२. **प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को अनुसूचीमा संशोधन** : प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को अनुसूची-१ को सट्टा देहायको अनुसूची-१ राखिएको छ :-

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"अनुसूची-१
(दफा २८ को उपदफा (५) र दफा ६० को उपदफा (६) सँग सम्बन्धित)

उम्मेदवारको बन्दसूचीको लागि समावेशी आधार

| क्र.सं. | प्रतिनिधित्व हुने समूह | प्रतिशत |
|---|---|---|
| १. | दलित | १३.४४ |
| २. | आदिवासी जनजाति | २८.७२ |
| ३. | खस आर्य | ३०.२८ |
| ४. | मधेशी | १६.१५ |
| ५. | थारु | ६.५२ |
| ६. | मुस्लिम | ४.८९ |

"

प्रमाणीकरण मितिः २०८२।०९।०४

**आज्ञाले,**
**पाराश्वर ढुङ्गाना**
**नेपाल सरकारको सचिव ।**



**मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.५।-**
**गो.हु.द.नं. १६।२०६२।६३**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।